# सूर्योदय नगरपालिकाको सहकारी (प्रथम संशोधन) ऐन, २०८२

**नगर सभाबाट स्वीकृत मिति:** २०८२।१२।२३

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सहकारी ऐन, २०७५ मा भएका केही व्यवस्थाहरू समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगर सभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "सूर्योदय नगरपालिकाको सहकारी (प्रथम संशोधन) ऐन, २०८२" हुनेछ।

(२) यो ऐन नगर सभाबाट पारित भई प्रमाणित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको सहकारी ऐन, २०७५" लाई जनाउनेछ।

**३. मूल ऐनको दफा २ मा संशोधन:** मूल ऐनको दफा २ मा देहाय बमोजिमका संशोधनहरू गरिएका छन्:-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:-

"(ग) "विषयगत समिति" भन्नाले सूर्योदय नगरपालिका, नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति भन्ने सम्झनुपर्दछ।"

(२) खण्ड (ट) मा रहेको "७० प्रतिशत" भन्ने शब्दहरूको सट्टा "३० प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ:-

"(द) "सदस्य" भन्नाले सम्बन्धित सहकारी संस्थाको विनियम बमोजिम सदस्यता प्राप्त गरेको ब्यक्ति सम्झनुपर्दछ।"

(४) दफा २ मा देहायको खण्ड (ल) थपिएको छ:-

"(ल) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिकालाइ सम्झनुपर्दछ।"

**४. मूल ऐनको दफा १० मा संशोधन:** मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छ:-

"**१०. जानकारी दिनुपर्ने :** सूर्योदय नगरपालिकाभन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भइ सञ्चालनमा रहेका संस्थाहरुले सूर्योदय नगरपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाइ जानकारी दिइ सुचीकृत समेत गर्नुपर्नेछ।"

**५. मूल ऐनको दफा ११ मा संशोधन:** मूल ऐनको दफा ११ को उपदफा (१) मा देहायको खण्ड (ग) थपिएको छ र साविकका खण्ड (ग) र (घ) लाई क्रमशः खण्ड (घ) र (ङ) कायम गरिएको छ:-

"(ग) वित्तीय संस्था"

**६. मूल ऐनको दफा २० मा संशोधन:** मूल ऐनको दफा २० को उपदफा (१) को प्रारम्भिक वाक्यांशमा रहेको "सो वर्ष" भन्ने शब्दहरूको सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

**७. मूल ऐनको दफा ३० मा संशोधन:** मूल ऐनको दफा ३० को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:-

"तर, एउटै व्यक्ति संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक पदमा दुई कार्यकाल भन्दा बढी अवधि निर्वाचित हुन पाउने छैन।"

८. **मूल ऐनको दफा ३९ मा संशोधन:** मूल ऐनको दफा ३९ को उपदफा (७) मा रहेको "शेयर पूँजी कोषको" भन्ने शब्दहरूको सट्टा "प्राथमिक पूँजी कोषको" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल ऐनको दफा ४१ मा संशोधन:** मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छः-

"**४१. ब्याक्तिगत बचत तथा ऋणको सीमा:** संस्थामा सदस्यको ब्याक्तिगत बचतको सीमा सम्बन्धित सहकारी संस्थाको प्राथमिक पूँजी कोषको दश प्रतिशत सम्म हुनेछ।"

१०. **मूल ऐनमा नयाँ दफा ४१क. र ४१ख. थप:** मूल ऐनको दफा ४१ पछि देहायका दफा ४१क. र ४१ख. थपिएका छन्:-

"**४१क. स्रोत खुलाउनु पर्ने:** (१) सदस्यले संस्थामा दश लाख रुपैयाँ भन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रुपमा त्यस्तो रकमको स्रोत खुलाउनु पर्नेछ।

(२) स्रोत नखुलाएको बचत रकम संस्थाले स्वीकार गर्ने छैन।"

**"४१ख. ऋण प्रवाहको सीमा:** संस्थाका सदस्यलाइ प्राथमिक पूँजीकोषको पन्ध्र प्रतिशतभन्दा बढी ऋण प्रवाह गर्न सकिनेछैन।"

११. **मूल ऐनको दफा ४३ मा संशोधन:** मूल ऐनको दफा ४३ को उपदफा (१) मा रहेको "एक महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "तीन महिनाभित्र" भन्ने शब्दहरू राखिएका छन्।

१२. **मूल ऐनको दफा ५० मा संशोधन:** मूल ऐनको दफा ५० को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "अठार प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

१३. **मूल ऐनको दफा ५२ मा संशोधन:** मूल ऐनको दफा ५२ को उपदफा (१) को प्रारम्भिक वाक्यांशमा रहेको "तीन महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरू राखिएका छन्।

१४. **मूल ऐनको दफा ७२ मा संशोधन:** मूल ऐनको दफा ७२ को उपदफा (१) मा रहेको "बीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पाँच प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

१५. **मुल ऐनको दफा ७७ मा संशोधन:** मूल ऐनको दफा ७७ (१) को खण्ड (च) मा रहेको "बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरको" भन्ने वाक्यांशको सट्टा "दश प्रतिशत" वाक्यांश राखिएको छ।

१६. **मूल ऐनको दफा ८० मा संशोधन:** मूल ऐनको दफा ८० को सट्टा देहायको दफा ८० राखिएको छः- "**८०. सजाय:** दफा ७९ बमोजिमको कसुर गरेको देखिएमा नगरकार्यपालिकाले निर्णय गरी सम्बन्धित निकायमा आवश्यक कारवाहीको लागि लेखी पठाउन सक्नेछ।"

१७. **मूल ऐनको दफा ८१ मा संशोधन:** मूल ऐनको दफा ८१ को उपदफा (१) को खण्ड (छ) मा रहेको "अठार प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पन्ध्र प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

१८. **मूल ऐनको दफा ८५ र ८६ खारेजी:** मूल ऐनको दफा ८५ र दफा ८६ खारेज गरिएका छन्।

१९. **मूल ऐनको दफा ८७ मा संशोधन:** मूल ऐनको दफा ८७ मा देहाय बमोजिमका संशोधनहरू गरिएका छन्:-

(१) उपदफा (१) खारेज गरिएको छ।

(२) उपदफा (२) मा रहेको "दफा ८० बमोजिम" भन्ने शब्दहरूको सट्टा "दफा ८१ बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

**देहाय:**

"(३) ऋण असुली हुन नसकेको वा सञ्चालक समितिले हित विपरीत काम गरेको कारण बचत फिर्ता हुन नसकेमा कम्तीमा १५ प्रतिशत सदस्यहरुले संस्थाको सम्पत्ति जिम्मा लिई 'बचत रकम फिर्ता समिति' गठन गरी संस्था सञ्चालन गर्न सक्नेछन् ।"

**२०. मूल ऐनको दफा ८८ मा संशोधन:** मूल ऐनको दफा ८८ मा देहाय बमोजिमका संशोधनहरू गरिएका छन्:-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारि पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर नगरकार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

(२) उपदफा (२) खारेज गरिएको छ ।

**२१. मूल ऐनमा नयाँ दफा ९२क. थप:** मूल ऐनको दफा ९२ पछि देहायको दफा ९२क. थपिएको छः-

**देहाय:**

"**९२क. कर सम्बन्धी व्यवस्था:** वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई सहकारी ऐन, २०७४ को दफा १४१ मा उल्लेख भए बमोजिम नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था गरि कर लिन सक्नेछ ।"

**२२. मूल ऐनको दफा ९३ मा संशोधन:** मूल ऐनको दफा ९३ को सट्टा देहायको दफा ९३ राखिएको छः-

**देहाय:**

"**९३. आर्थिक सहयोग गर्न नहुने:** सहकारी संस्थाको रकम सदस्यबाहेक अरु कसैलाइ सामाजिक कार्यमा बाहेक अन्य कार्यको लागि आर्थिक सहयोग गर्न पाइने छैन ।"